## स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यान्वयनको लागि स्थानीय तह छनौटको आसय पत्र

### १. पृष्ठभुमि

नेपाल सरकार र बेलायती राजदुतावास काठमाण्डौ बीच नेपालमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यान्वयनको लागि विक्रम संम्वत २०७९ चैत २ गते समझदारी पत्रमा हस्ताक्षर भएको थियो । स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तीन चरणमा कार्यान्वयन गरिनेछ :- (क) आ.व २०७९/८० सम्म डिजाइन, सिकाई, पाईलट र मुख्य कार्यान्वयनको तयारी चरण ( ख) २०८१/८२ मा पहिलो मुख्य कार्यान्वयन चरण शुरु हुने र यसको तयारीको लागि आ.व २०८०/८१ म संक्रमण/प्रारम्भिक चरण कार्यान्वयन गर्ने (ग) दोश्रो कार्यान्वयन चरण, अघिल्लो चरणको कार्य सम्पादन मूल्याङ्कन पश्चात आर्थिक वर्ष २०८३/८४ मा शुरु हुनेछ । पाइलट चरण २०२२ अप्रिलदेखि २०२३ जुलाईसम्म कर्णाली प्रदेशको १५ स्थानीय तहमा लागु भएको थियो । हाल सोही स्थानीय तहहरुमा २०२३ अगस्टदेखि २०२४ जुलाईसम्म कार्यक्रमको प्रारम्भिक चरण कार्यान्वयनमा रहेको छ । संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमले (WFP) प्राविधिक सेवा प्रदायकको रुपमा LISP कार्यक्रमको पाइलट र प्रारम्भिक चरणलाई कार्यान्वयन गर्दै आईरहेको छ ।

पाइलट चरणको कार्यान्वयनका लागि कर्णाली प्रदेशका स्थानीय तहहरुको छनौट आशय पत्र मार्फत गर्नको लागि नेपाल सरकार र बेलायती राजदुतावास सहमत भई पाइलट परियोजनाको कार्यढाँचामा उल्लेख भए बमोजिम गरियो जुन अभ्यास संघिय सरकार र विकास साझेदारद्वारा उपलब्ध तथ्याङ्को आधारमा परियोजना कार्यान्वयनको क्षेत्र छनौट गर्ने परम्परागत विधि भन्दा भिन्न र नयाँ थियो । अत, देहाय बमोजिमका १० मूल्याङ्कन मापदण्ड/सूचकहरुको आधारमा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (MoFAGAको नेतृत्व तथा विश्व खाद्य कार्यक्रम WFP को प्राविधिक सहयोगमा आशय पत्रको माध्यमबाट स्थानीय तहको छनौट भएको थियो ।

#### (क) स्थानीय तहको इच्छा, प्रतिबद्धता र अपनत्व:

१. आगामी आर्थिक वर्ष २०७९/८० को आफ्नो योजना तथा बजेट तर्जुमा प्रक्रियामा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम पाईलटलाई समाविष्ट गर्ने ईच्छा तथा प्रतिबद्धता भएको ।
२. स्थानीय पूर्वाधार विकासका बिभिन्न तरिका, साधन/विधि (modality) प्रयोग गर्न र आगामी आर्थिक वर्ष २०७९/८० मा पाईलट सँग संयुक्त रुपमा स्थानीय पूर्वाधार विकास क्रियाकलापको अनुगमन मूल्याङ्कन तथा सिकाई गर्ने ईच्छा भएको ।
३. पूर्वाधार विकास योजना आवधिक योजनामा समाविष्ट भएको ।
४. स्थानीय तहको कार्यपालिका र पुर्वाधार समिति सक्रिय अवस्थामा रहेको ।
५. स्थानीय तहको योजना तर्जुमा, सार्वजनिक खरिद, लेखा व्यवस्थापन एवं लेखापरीक्षणको प्रक्रिया/प्रणाली अनुसार स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कर्णाली पाईलट बाट उपलब्ध हुने वित्तिय साझेदारी रकमलाई आफ्नो वार्षिक योजनामा समावेश गर्न, र पाईलट सँगको वित्तिय साझेदारीमा स्थानीय पूर्वाधार विकासका काम गर्न तत्पर रहेको ।
६. आर्थिक वर्ष २०७७/०७८ को अन्त्य सम्ममा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) अवलम्बन गरेको ।

#### (ख) सामाजिक-आर्थिक जोखिम, बेरोजगारी, गरिबी र जलवायु परिवर्तन जोखिमको तीव्रता (चुनौतीपूर्ण सन्दर्भ)

७. स्थानीय तहहरुको कोभिड-१९ आर्थिक जोखिम सूचकाङ्क (विश्व खाद्य कार्यक्रम ले सन २०२० मा तयार गरेको प्रतिवेदनमा आधारित)
८. स्थानीय तहहरुको जलवायु परिवर्तन जोखिम सूचकाङ्क (नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले सन् २०२१ मा निर्धारण गरेको जोखिम सूचकाङ्क )
९. आर्थिक वर्ष २०७८/७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP_ अन्तर्गत पालिका रोजगार सेवा केन्द्र अन्तर्गत पहिचान भएका/दर्ता भएका बेरोजगारहरुको संख्या ।
१०. सामाजिक-आर्थिक रुपमा सिमान्तकृत समुदाय जस्तै: दलित, जनजाती आदिको बसोबास/उपस्थिति ।

पाईलट चरणको समन्वयको साथै आसय पत्रको मूल्याङ्कनका लागि पाइलट समन्वय समिति (PCC) गठन गरिएको थियो । १५ स्थानीय तहहरु (११ गाउँपालिका र ४ नगरपालिका) आसय पत्रको प्रकृया मार्फत जुन २०२२ मा चयन गरिएको थियो जसमा LISP पाइलटको लागि स्थानीय तहको उच्चतम प्रतिबद्धता र अपनत्व (परिवर्तनको लागि स्थानिय तहको उच्चतम प्रतिवद्धताको सङ्केत) र उच्च स्तरको जोखिम/सङकटासन्नता, कमजोर सामाजिक-आर्थिक अवस्था (स्थानीय तहको सहलगानी र रोजगारी सिर्जनाको आवश्यकता) समावेश गरिएको थियो ।

२. LISP संक्रमणकाल र मुख्य कार्यान्वयनको तयारी:

स्वीकृत LISP Program Design Document (PDD) अनुसार LISP कर्णाली प्रदेशमा काम सुरु गरी लुम्बिनी प्रदेशमा विस्तारित हुँदै जानेछ । स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कार्यान्वयनको लागि तेस्रो प्रदेश (मधेस प्रदेश) को छनौट कार्यक्रमको कार्यसम्पादनमा र मध्यावधि समीक्षाको निष्कर्षमा निर्भर रहनेछ। स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत ८०-१०० स्थानीय तहहरुसम्म कर्णाली, लुम्बिनी र मधेश प्रदेशमा सहयोग पुग्नेछ। स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा २५ प्रतिशत सम्म स्थानीय तहहरु मुख्यतया ग्रामिण क्षेत्र भएका नगरपालिकाहरु हुनेछन् । महानगर र उपमहानगरपालिकाहरुले प्रत्यक्ष LISP को सहयोग प्राप्त गर्नेछैन तर स्थानीय र प्रादेशिक पूर्वाधारहरुको लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको क्षेत्रगत सहयोगबाट लाभान्वित हुनेछन् । कार्यक्रमको सिकाई र तथ्यहरु स्थानीय र प्रादेशिक पूर्वाधार क्षेत्रको क्षमता एवं प्रणाली सुदृढीकरण र असल अभ्यासको बढोत्तरीका लागि हस्तान्तरण गरिनेछ । सोही योजना अनुरुप, LISP पाइलट लागू भएका १५ स्थानीय तहहरुमा नै सिकाई विस्तारको लागि आर्थिक बर्ष २०८०/२०८१ सम्म कार्यक्रको प्रारम्भिक चरण कार्यान्वयन भइरहेको छ।

LISP निर्देशक समिति द्वारा अनुमोदित प्रारम्भिक चरण कार्यान्वयन योजना अनुसार, कार्यक्रमको मुख्य कार्यान्वयन आगामी आर्थिक बर्ष देखि सुरु हुनेछ र थप स्थानीय तहमा कार्यक्रमको विस्तारको लागि आसय पत्रको माध्यमबाट थप स्थानीय तहहरु ( हाल संन्चालित १५ स्थानीय तहहरु बाहेक) छनोट गरिनेछ। सो कार्यका लगि, पाइलट चरणका सिकाइको आधारमा विश्व खाद्य कार्यक्रमले मे २०२४ भित्रमा थप स्थानीय तह छनौटका लागि संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र बेलायती राजदुतावासलाई सहयोग गर्नेछ । जसले गर्दा छनौट भएका स्थानीय तहहरुलाई आर्थिक बर्ष २०८१/८२ को बार्षिक योजना तर्जुमा प्रकृयाबाट नै स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्बन्धी निर्णय र सहलगानीको प्रबन्ध मिलाउन सहज हुनेछ। आगामी चरणको आसय पत्र मार्फत थप २० स्थानीय तहहरु (५ कर्णालीमा र १५ लुम्बिनीमा) छनोट गरिने योजना रहेको छ।

बेलायती दुतावास काठमाडौंलाई अनुसन्धान गर्न सहयोग गर्ने परियोजना (RENT) द्वारा गरिएको एक अध्ययन अनुसार, आशय पत्र मार्फत स्थानीय तहको छनौट प्रकृया एक असल नविनतम अभ्यास रहेको तर आगामी दिनमा उक्त प्रकृयामा केही परिमार्जन तथा थप घट गर्नु पर्ने देखिन्छ जस्तै आवेदन दिएका स्थानीय तहहरु मध्यम किसिमका रहेका, सिमान्तकृत समुदायको अनुपात कम नभएका तर जलवायु परिवर्तन र कोभिड १९ को प्रकोपबाट जोखिम/संकटासन्न रहेका र संस्थागत क्षमता राम्रो रहेको आदी । उल्लेखित सिकाईलाई मध्यनजर गरी आसय पत्रको मुल्याइन सूचक र विधिमा परिवर्तन गर्न जरुरी देखिएकाले आगामी आशय पत्रको लागि निम्न उल्लेखित मुख्य सुचकहरु तयार गरिएको छ :

(क) स्थानीय तहको इच्छा र प्रतिवबद्धता सुचक/मापदण्ड सम्बन्धमा: (३० प्रतिशत अङ्कभार - भएमा १० अंङ्क नभएमा ० अंङ्क ।)

(१) स्थानीय तहको इच्छा र प्रतिबद्धता: (क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरि स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न,(ख) स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तरिका, साधन /विधि (modality) अवलम्बन गर्न, (ग) स्थानिय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने र खर्चको लेखाजोखा SuTRA र लेखा परिक्षण मार्फत गर्ने *(गाउँ/नगरपालिकाको कार्यपालिकाको बैठकको निर्णयको प्रतिलिपि तथा प्रतिबद्धता दर्शाउने स्थानीय तहको आधिकारिक स्क्यान गरिएको पत्र)*

(२) वर्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसंगको सह लगानीको हिस्सा विनियोजन गर्न प्रतिबद्धता (ग्रामिण सडक सुधार/पुर्नस्थापना सम्बन्धि आयोजनामा कम्तिमा २० देखि ४० प्रतिशत, साना सिंचाई, खानेपानी तथा सरसफाई, भवन मर्मत सम्बन्धि आयोजनामा: कम्तिमा ४० प्रतिशत, विपद् जोखिम न्यूनिकरण, जलवायु उत्थानशिल र वैकल्पिक उर्जा सम्बन्धि आयोजनामा: कम्तिमा २० प्रतिशत, ( *गाउँ/नगरपालिकाको कार्यपालिकाको बैठकको निर्णयको प्रतिलिपि तथा प्रतिबद्धता दर्शाउने स्थानीय तहको आधिकारिक स्क्यान गरिएको पत्र)*

(३) पूर्वाधार सेवा प्रवाह एवम मर्मत सम्भार सम्बन्धि कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्नेप्रतिबद्धता, *(गाउँ/नगरपालिकाको कार्यपालिकाको बैठकको निर्णयको प्रतिलिपि तथा प्रतिबद्धता दर्शाउने स्थानीय तहको आधिकारिक स्क्यान गरिएको पत्र)*

(ख) सामाजिक-आर्थिक असमानता/भिन्नता, बेरोजगारी/गरिबी, जलवायु परिवर्तनको जोखिम र स्थानीय तहको संन्चालन क्षमता र कार्यसम्पादन सम्बन्धि सुचक/मापदण्ड: (३० प्रतिशत भार – सुचक ४, ५ र ६ को लागि उच्चतम कार्यसम्पादन उच्चतम अङ्क, र सुचक ७, ८, ९, १० को लागि उच्चतम जोखिम/असमानता/बेरोजगारी भएमा उच्च अङ्क )

(४) आर्थिक वर्ष २०७९/०८० को स्थानिय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा प्राप्ताङ्क

(५) आर्थिक बर्ष २०७९/०८० को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को प्राप्ताङ्क

(६) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (NNRFC) द्वारा आर्थिक बर्ष २०८०/०८१ को लागि वित्तिय समानीकरण अनुदानको सिफारिसको लागि मूल्याङ्कन गरिएको स्थानीय तहहरुको कार्यसम्पादन सुचकहरुको समग्र सुचकाङ्क

(७) स्थानीय तहहरुको बहु–आयमिक असमानता सूचकांक (MDI) (सामाजिक–आर्थिक र अन्य ६ किसिमका असमानता आयामहरु जस्तै आर्थिक, स्वास्थ्य, शिक्षा, जनसंख्या, जिवन स्तर र जलवायु जोखिम)

(८) स्थानीय तहहरुको समग्र जलवायु परिवर्तन संकटासन्नताको स्तरिकरण

(९) आर्थिक वर्ष २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP) अन्तर्गत गाउँ/नगर पालिका रोजगार सेवा केन्द्रमा अद्यावधिक गरिएको स्थानीय तहको कुल जनसंख्याको आधारमा पहिचान/दर्ता भएको बेरोजगारहरुको अनुपात

(१०) सामाजिक–आर्थिक रुपमा सीमान्तकृत समुदाय जस्तै दलित, जनजाति, थारु, मधेशी, मुस्लिम, जातिय अल्पसंख्यक आदि को बसोबास तथा उपस्थितिको सघनता ।

(ग) **पूर्वाधार विकास सम्बन्धि सूचक (४० प्रतिशत भार: कमजोर/न्यून स्थिति भएकालाई उच्च अङ्क र सूचक १४ र १५ मा उल्लेख गरे बमोजिम):**

(११) खानेपानी सुविधा भएको घरपरिवारको अनुपात (धारा/पाइप जडान भएको परिसर भित्र वा बाहिर)

(१२) कुल कृषियोग्य जमिनको क्षेत्रफल मध्ये सिंचाइमा पहुच भएको प्रतिशत

(१३) विद्युतमा पहुंच भएका घरपरिवारको अनुपात (बत्ती बाल्नको लागि सामान्य/नियमित श्रोत )

(१४) पूर्वाधार सम्बन्धी क्षेत्रगत योजनाहरुको अवस्था (खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH_ योजना र गाउँ/नगर यातायात गुरु योजना (MTMP)

(१५) स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्ने प्रतिवद्धता । ( *गाउँ/नगरपालिकाको कार्यपालिकाको बैठकको निर्णयको प्रतिलिपि तथा प्रतिवद्धता दर्शाउने स्थानीय तहको आधिकारिक स्क्यान गरिएको पत्र)*